कर्णाली प्रदेश सरकार
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय जाजरकोट

खलङ्गा

फोन नं. ०८९-४३०२७१
वेबसाइट: www.dfojajarkot.gov.np

## प्रस्ताव आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/०९/२१**

यस डिभिजन वन कार्यालय जाजरकोटको चालू आर्थिक वर्ष २०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गतका तपशिलका कार्यक्रमहरु सामुदायिक वन उपभोक्ता समूह/कबुलियती वन समूह/सहकारी/निजी उद्यमीबाट तोकिएको लागत सहभागितामा गराउनुपर्ने भएकाले यो ३० (तीस) दिने सूचना प्रकाशन गरिएको छ। ईच्छुक सामुदायिक वन उपभोक्ता समूह/कबुलियती वन समूह/सहकारी/निजी उद्यमीबाट तोकिएको ढाँचामा संक्षिप्त कार्ययोजना प्रस्ताव सहितको आवेदन पेश गर्नुहुन अनुरोध छ। समय सिमा भित्र प्राप्त हुन नआएका वा रित नपुगेका आवेदन उपर कुनै कारबाही नहुने व्यहोरा समेत जानकारी गरिन्छ।

<u>तपशिल</u>

| सि.नं. | क्रियाकलाप | इकाई | बजेट (रु. लाखमा) | कैफियत |
|---|---|---|---|---|
| १. | निजी वन प्रवर्द्धन कार्यक्रम | प्याकेज | २.५ | कम्तीमा ५ रोपनी भन्दा बढी निजि जग्गामा वनजन्य/जडिबुटी/फलफुल/ डालेघाँस लगाइ हुर्काउने निजि वन धनि/व्यक्ति वा संस्थाले प्रस्ताव पेश गर्ने। |
| २. | जडिबुटी विकास कार्यक्रम | प्याकेज | ४५ | सामुदायिक वन उपभोक्ता समूह/कबुलियति वन उपभोक्ता समूह/ निजि वन/सहकारी/फर्म |
| ३. | महिला कृषिवन कार्यक्रम | प्याकेज | २५ | एउटै प्रजातिको कम्तिमा ३ हेक्टर वा ३००० बिरुवा रोपण गर्न सकिने निजि जग्गा भएको महिला कृषक/ महिला समुह/महिला सहकारी वा महिला उद्यमीले प्रस्ताव पेश गर्ने। घेरावारको लागी अनुदान रकम उपलब्ध हुने छैन। (प्रजातिः जैतुन, ओखर,डालेचुक, टिमुर, एभोकाडो, किम्बु, उत्तिस, सिसौ, मसला, बेल, खयर, लहरे पिपल, भोटे पिपल, बैंस, डाले घाँस प्रजातीहरु) |

**प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरु**

१. रु. १० को टिकट टाँसी जडिबुटी उत्पादन, खेती विस्तार तथा उद्दम विकास दिग्दर्शन, २०७७ को अनुसूची-२ बमोजिमको ढाँचामा प्रस्तावना सहितको निवेदन,
२. स्थायी लेखा नम्बर प्रमाणपत्र,
३. कबुलियती वन समूह/सामुदायिक वन उपभोक्ता समूह/सहकारीको हकमा समितिको निर्णय प्रतिलिपि र गत आ.व.को लेखा परीक्षण प्रतिवेदन,
४. निजी जग्गाको हकमा लालपुर्जाको फोटोकपी र तिरो तिरेको रसिदको प्रतिलिपि,
५. निजी फर्मको हकमा दर्ता, नविकरण र करचुक्ताको प्रमाणपत्र,
६. अघिल्लो पाँच आ.व.मा कुनै कार्यालयबाट सो कामको लागी अनुदान प्राप्त गरेको/नगरेको सार्वजनिक खरिद अनुगमन कार्यालयवाट कालोसूचीमा नरहेको स्वःघोषणा,
७. निवेदकको नागरिकता वा परिचय खुल्ने कागजात सहित,

**पुनश्चः** अनुदानको शर्तहरु, निवेदनको ढाँचा, निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरु, प्रस्तावनाको ढाँचा लगायत विस्तृत जानकारीका लागि यस कार्यालयको फोन नं ०८९-४३०२७१ मा सम्पर्क गर्नुहुन अनुरोध छ।

इमेलः dfojajarkot2019@gmail.com

"स्वच्छ र सक्षम निजामति प्रशासनः समृद्धि र सुशासन"

कर्णाली प्रदेश सरकार
उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
# डिभिजन वन कार्यालय जाजरकोट
खलङ्गा

फोन नं. ०८९-४३०२९१
वेबसाइट: www.dfojajarkot.gov.np

## प्रस्ताव सम्बन्धि थप विवरण

निमित डिभिजनल वन अधिकृत

क) **प्रस्तावनाको ढाँचा**

१) प्रस्ताव पेश गर्ने संस्थाको नाम र ठेगानाः
२) समुहको छोटो चिनारी र लक्ष्यः
३) विद्यमान वित्तिय तथा अन्य भौतिक पूर्वाधारहरु
४) विद्यमान भौतिक पूर्वाधारहरु
५) प्रस्तावित क्रियाकलापहरु
६) प्रस्तावित क्रियाकलापहरु संचालन गरिने विधि (जनशक्ति, समूहको योगदान कसरी जुटाउने, उपलब्ध जग्गा)
७) प्रस्तावित क्रियाकलापहरुवाट हुने खर्च तथा आम्दानीको प्रक्षेपण
८) क्रियाकलाप संचालन गर्न लाग्ने समय
९) प्रस्तावित क्रियाकलापहरुवाट लाभान्वित घरधुरी र सिर्जना हुने रोजगारी
१०) लगानीका सम्भाव्य स्रोत सम्बन्धि विवरण
११) प्रस्तावित क्रियाकलापहरुवाट उत्पादित हुने जडिबुटी वा प्रशोधित वस्तुको मात्रा
१२) दिर्घकालिन जगेर्ना विधि

**ख) प्रस्तावना सम्बन्धि अन्य व्यवस्था**

१. म्याद नाघि प्राप्त भएको प्रस्ताव पत्र उपर कुनै कारवाहि हुने छैन ।
२. सार्वजनिक खरिद अनुगमन कार्यालयले कालो सुचिमा राखेका व्यक्ति, फर्म संस्था वा सहकारीले भाग लिन पाउने छैनन्।
३. प्रस्ताव पत्रको लागि प्रकाशित सुचना अनुसार आवश्यक पर्ने सम्पुर्ण कागजातहरु अनिवार्य रुपमा प्रस्ताव पत्र साथ पेश गर्नुपर्ने अन्यथा प्रस्ताव पत्र मान्य हुने छैन।
४. विगत ५ वर्ष देखि अनुदान प्राप्त गरेका उस्तै प्रकृतिका प्रस्ताव उपर कुनै कारवाही हुने छैन ।
५. अनुदानग्राहीको तर्फबाट पेश गर्नुपर्ने साझेदारीः सहकारी र लक्षित वर्गको लागि संचालन हुने कार्यक्रमको हकमा कुल लागतको कम्तीमा ३० प्रतिशतसम्म र निजि फर्म वा उद्यमीको हकमा कम्तीमा ५० प्रतिशतसम्म अनुदानग्राहीले लगानी गर्नुपर्नेछ ।
६. **निजि वन प्रवर्धन कार्यक्रम** अन्तर्गत निजि वन धनि/व्यक्ति/संस्थाले प्रस्ताव पेश गर्दा ५ रोपनि भन्दा बढि क्षेत्रफल भएको वृक्षारोपण गर्न चाहेको जग्गाको जग्गाधनि प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्ने छ । निजी वन वन ऐन २०७६ को प्रावधान बमोजिम सम्बन्धित निकायमा दर्ता भएको हुनु पर्नेछ ।
७. **महिला कृषि वन कार्यक्रमः** यस कार्यक्रमको हकमा महिलाहरुको लागि मात्र एउटै प्रजातिको तोकिएबमोजिम कार्यक्रम संचालन गरिने छ ।

प्रस्ताव पत्र सम्बन्धि अन्य कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ ।

2083/05/29
सूचना अधिकृत

इमेलः dfojajarkot2019@gmail.com
"स्वच्छ र सक्षम निजामति प्रशासनः समृद्धि र सुशासन"